# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुचि–१४
## (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
## आ. ब. २०७८/७९ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन (२०७९ वैशाख, जेष्ठ र अषाढ )
(श्रावण २९ गतेको कान्तिपुरमा प्रकाशित)

**१. वित्तीय विवरण :**

क. यस कम्पनीको आर्थिक वर्ष २०७८/७९ को चौथो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्बन्धी विवरण सम्पूर्ण शेयरधनीको जानकारीका लागि धितोपत्र दर्ता निष्कासन नियमावली २०७३ बमोजिम प्रकाशन गरिएको छ ।

ख. प्रमुख वित्तीय अनुपातहरु :

| | | |
|---|---|---|
| १. प्रति शेयर आम्दानी | : | रु. ६९.५० |
| २ पी. ई. अनुपात | : | ४९.०७ |
| ३. प्रति शेयर नेटवर्थ | : | रु. १८७.२२ |
| ४. तरलता अनुपात | : | ६.६० |

**२. व्यवस्थापकीय विश्लेषण :**

क. यस कम्पनीद्धारा उत्पादित Golden Oak तथा Black Oak नामक मदिराको बजारमा बढ्दै गएको माग र सो को बिक्री परिमाणबाट कम्पनी व्यवस्थापनले यी उत्पादनहरु उपभोक्ताहरुको रोजाईमा पर्न सफल भएको कुरा महशुस गरी नयाँ उत्पादन Blue Oak बजारमा ल्याएको छ ।

ख. उपभोक्ताका माझ पहिचान बनाई सकेको यस कम्पनीका Golden Oak र Black Oak मदिराको नक्कल गरी उस्तै बोतल र लेवल प्रयोग गरी ५० र ७० यु.पि. शक्तिमा विभिन्न उद्योगले उत्पादन गरी बिक्री वितरण गर्ने कार्य भएबाट उल्लेखित ब्राण्डका मदिराहरुको बिक्री वितरणमा प्रभाव पर्न सक्ने सम्भवाना सदैव देखिएको छ ।

ग. कम्पनीको गत वर्षको यसै अवधिको तुलनामा यस वर्ष बिक्रि बढ्न गएकोले बिक्रि तथा वितरण खर्चमा समेत बृद्धि हुन पुगेको भएता पनि प्रशासनिक तथा वित्तिय खर्च तर्फ मितव्ययिता अपनाइएकाले अघिल्लो वर्षमा झैं यस वर्ष पनि मुनाफा बृद्धि गर्न सफल भएको छ ।

घ. उपभोक्ताहरुको चाहनालाई उच्चतम् ध्यानमा राखेर उत्पादित वस्तुको गुणस्तर प्रति सूक्ष्म रुपमा अध्ययन समेत गरी उच्च सम्वेदनशिलताका साथ उत्पादन कार्य गर्ने गरेको छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

क. यस कम्पनीलाई विपक्षी बनाई श्रम अदालत काठमाण्डौंमा केही व्यक्तिहरुले नियुक्ती पाऊँ भनी निवेदन दिएकोमा निज निवेदकहरु उपर जिल्ला अदालत, पर्सामा यस कम्पनीले कीर्ते जालसाजी मुद्दा दायर गरेको थियो । सो विषयमा सम्मानित जिल्ला अदालत पर्सावाट आम्सीक वादी दाबी पुग्ने ठहराई फैसला भएकोमा सो फैसला उपर कम्पनीले उच्च अदालत, जनकपुरको अस्थायी ईजलास विरगन्जमा पुनरावेदन गरेकोमा तहाँबाट समेत जिल्ला अदालतले गरेको फैसलालाई नै सदर हुने गरी निर्णय आएको थियो । सोही मुद्धा सँग सम्बन्धित विषय श्रम अदालत काठमाण्डौमा मुलतवी रहेकोमा सो जागी त्यहाँबाट निवेदकहरुको पक्षमा निर्णय प्राप्त भएको छ । सो निर्णयको पूर्णपाठ आई नसकेकोले सो प्राप्त भए पछि मात्र कम्पनीको हितका लागि अर्को कानुनी बाटो अवलम्वनका लागि विज्ञसँग छलफल गरी अगाडि बढ्ने जानकारी गराउँदछौं ।

ख. आर्थिक ऐन २०७७ ले अन्तः शुल्क ऐन, २०५८ को दफा ४(ङ) मा कायम गरिएको संशोधित दफाको व्यवस्था उपर आन्तरिक राजश्व विभागका महानिर्देशक मार्फत भएको पूर्वादेश उपर चित्त नबुझी श्री राजश्व न्यायधिकरण, काठमाण्डौंमा पुनरावेदन गरिएकोमा त्यहाँबाट निवेदकले माग गरे मध्येको मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीको व्यवस्था अनुसार छुट पाउने नपाउने सम्बन्धमा केही नबोली भएका निर्णय त्रुटिपुर्ण देखिदा बदर गरी निवेदकको पूर्वादेश माग गरेका सबै विषयमा जे जो गर्नु पर्ने गरी पूर्वादेश सम्बन्धी निर्णय गर्नु भनी निर्णय भएकोले पुनः उक्त विषयमा हामीले आन्तरिक राजश्व विभाग समक्ष निवेदन गरेकोमा लामो समय देखि यस विषयको निर्णय यस अवधिमा समेत प्राप्त गर्न सकेको छैन ।

ग. आ.व. २०६१/०६२ को अवधिको मु.अ.कर, अन्तः शुल्क र आयकर सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा चलिरहेकोमा हाल सम्म उक्त विषयको कुनै पनि निर्णय प्राप्त भएको छैन ।

घ. २०६८ श्रावण को मु.अ.कर सम्बन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२/०७३ को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्बन्धी विषयमा चित्त नबुझी आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएकोमा सो विषयहरुमा यस त्रैमासिक अवधि सम्म पनि कुनै निर्णय भएको जानकारी प्राप्त भएको छैन ।

ङ. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोही कसैले कुनै किसिमको मुद्धा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

**४. यस संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :**

क. खुला बजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोबार हुने गरेको छ ।

ख. यस चौथो त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोबार तपशिल अनुसार भएको देखिन्छ । (श्रोतः www.nepalstock.com.np)

| | |
|---|---|
| अधिकतम् मूल्य | रु. ३,८००/०० |
| न्यूनतम् मूल्य | रु. २,८२५/०० |
| कारोबार दिन | ६४ |

**५. समस्या तथा चुनौती :**

यस वित्त विवरण अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. वर्षेनी जस्तो वृद्धि गरिने अन्तः शुल्क दरमा यस वर्षको आर्थिक ऐन, २०७९ ले पनि केही वृद्धि गरेको हुनाले कम्पनीबाट उत्पादन हुने मदिराको मूल्यमा समेत उक्त वृद्धि भएको दरले प्रभाव पार्ने हुनाले उत्पादित मदिराको उपभोक्ता मूल्य वृद्धि हुन जाने कारणबाट बिक्री वितरणको कार्यमा थप चुनौती थपिएको छ ।

ख. नेपालमा दिनानुदिन कोभिडका बिरामीहरु बढ्दै गएको तथ्याङ्क आईरहेको समयमा कोभिड महामारीको चौथो प्रभाव नेपालमा पनि शुरु भएको भनी समाचारहरु आइरहेकाले यसरी नै महामारीको प्रभाव फेरी बढ्दै जाने हो भने कम्पनीको उत्पादन तथा विक्री वितरण कार्यमा नकारात्मक प्रभाव पर्ने सम्भावना रही नै रहने छ ।

ग. साक्षरता अभाव र घरेलु मदिरा सेवनबाट घरेलु हिंसाका सिकार भएका स्थानहरुमा मदिरा बिक्री वितरण निषेधित क्षेत्र घोषणा गर्ने कार्य हुन थालेबाट हाम्रो जस्तो मदिरा उद्योगको बजार संकुचन हुने र मदिराको विक्री वितरणमा असर पर्न सक्ने देखिन्छ ।

घ. विदेशी मुद्राको संचिति स्थिति, बैंकिङ्ग क्षेत्रमा रहेको तरलता संकुचनको अवस्था, बढ्दो ब्याजदर आदि कारणहरुले आर्थिक गतिविधिमा कमी हुन गएमा उपभोक्ताहरुको आम्दानी र क्रय शक्तिमा समेत ह्रास् आउने हुनाले मदिरा सेवन र बिक्री वितरणमा समेत प्रभाव पर्न सक्ने देखिएको छ ।

ङ. बैंकिङ्ग क्षेत्रमा रहेको तरलता संकुचनको अवस्थाले गर्दा बजारमा बिक्री वितरण गरिएका मदिराको भुक्तानी कम्पनीले समयमा नै प्राप्त गर्न नसक्दा उत्पादन र बिक्री वितरणको कार्यमा थप लगानी जुटाउनका लागि चुनौती थपिएको छ ।

च. उपभोक्ताले बढी रुचाएको Golden Oak र Black Oak नामक ब्राण्डको मदिराहरुको विक्री वितरणलाई प्रभाव पार्न र उपभोक्तालाई भ्रममा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि बजार मा उस्तै लेवल, बोतल प्रयोग गर्ने, कम शक्ति र कम गुणस्तरको मदिरा उत्पादन गरी विक्री वितरण गर्ने कार्य जारी नै रहेकोले यसको बिक्री वितरणमा प्रभाव पर्ने देखिन्छ ।

**६. संस्थागत सुशासन :**

कम्पनीले स्वतन्त्र रुपमा आन्तरिक तथा वाह्य लेखा परीक्षक नियुक्त गरी लेखा परीक्षण गर्ने कार्यलाई यस त्रैमासिक अवधिमा पनि निरन्तरता दिएको, कारखानामा उत्पादन हुने वस्तुहरु अन्तः शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्तः शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, समय समयमा तालिका बनाई आन्तरिक रुपमा पनि उत्पादन, विक्री बितरणको परिमाण, मौज्दात सामानहरु लगायत कच्चा पदार्थहरुको पनि निरिक्षण गर्ने गरिएको, कम्पनीको आर्थिक कारोवारलाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउने कार्यमा अनलाईन बिलिङ्ग पद्धती, खरिद गरिने वस्तुहरुको कोटेशन माग गर्ने, मूल्य र सामानको गुणस्तर आदिको अध्ययन, अनुसन्धान आदि गरेर मात्र गर्ने गरेका छौं । उद्योग रहेको क्षेत्र, स्थानिय निकायहरु सँगको सम्वन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य गर्नका लागि उद्योग सदैव सचेत रहेको, कारखानाको उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सूक्ष्म रुपले अध्ययन गरी कार्य गर्ने गरिएको साथै सके सम्म घटाउन सकिने खर्चहरुलाई व्यवस्थित गर्दै गई रहेको हुनाले कम्पनीको आर्थिक अवस्था सुदृढ राख्न सक्षम हुने विश्वास लिएका छौं । यस उद्योगले संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धमा निर्वाह गर्नु पर्ने कर्तव्यलाई ध्यानमा राखी आवश्यक एवं गर्नु पर्ने कामको पहिचान गरी यस शीर्षक अन्तर्गत छुट्याईएको रकमबाट कार्य गरी रहेको छ ।

**७. सत्य तथ्य सम्बन्धमा प्रमूख कार्यकारी अधिकृतको उद्घोषण :**

यस चौथो त्रैमासिक अवधिको प्रतिवेदनमा उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहन्छु । मैले जाने बुझे सम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि कुनै पनि आर्थिक विवरण तथा जानकारीहरु नलुकाइएको व्यहोरा समेत यहाँहरु समक्ष अवगत गराउँदछु ।

## Unaudited Statement of Financial Position for the Quarter Ended on 32nd Asadh 2079

| Particulars | This Quarter End (Rs.) | Previous Quarter End (Rs.) | Corresponding Previous Year Quarter End (Audited) Rs. |
|---|---|---|---|
| **ASSETS** | | | |
| **NON-CURRENT ASSETS** | | | |
| a) Property, plant and equipment | 497,507,685 | 495,485,051 | 513,811,752 |
| b) Capital work-in-progress | - | - | 44,596 |
| c) Intangible assets | 67,378 | 106,196 | 451,264 |
| d) Financial assets | | | - |
| Advance for investments in equity instruments | - | - | - |
| e) Investments | 69,000,000 | 69,000,000 | 69,000,000 |
| f) Other non-current assets | 20,193,142 | 20,193,142 | 23,430,898 |
| **Total Non-Current Assets** | **586,768,205** | **584,784,390** | **606,738,510** |
| **CURRENT ASSETS** | | | |
| a) Inventories | 209,962,192 | 386,806,067 | 164,953,755 |
| b) Financial assets | | | |
| Trade receivables | 1,268,720,123 | 2,292,970,682 | 517,130,075 |
| Cash and cash equivalents | 1,116,182,117 | 75,297,608 | 909,119,078 |
| c) Other current assets | 106,112,271 | 114,221,178 | 111,713,565 |
| **Total** | **2,700,976,701** | **2,869,295,535** | **1,702,916,473** |
| **Non-current assets held for sale** | | | |
| **Total current assets** | **2,700,976,701** | **2,869,295,535** | **1,702,916,473** |
| **TOTAL ASSETS** | **3,287,744,907** | **3,454,079,925** | **2,309,654,983** |
| **EQUITY AND LIABILITIES** | | | |
| **EQUITY** | | | |
| a) Equity | | | |
| Share capital | 1,518,479,156 | 1,518,479,156 | 867,702,375 |
| b) Other equity | | | |
| Reserves and surplus | 1,324,481,981 | 1,057,514,665 | 1,136,892,562 |
| **Total Equity** | **2,842,961,137** | **2,575,993,822** | **2,004,594,937** |
| **NON-CURRENT LIABILITIES** | | | |
| a) Financial liabilities | | | |
| Borrowings | - | - | 12,195 |
| b) Deferred tax liabilities | 35,620,944 | 35,620,944 | 35,620,944 |
| **Total Non-Current Liabilities** | **35,620,944** | **35,620,944** | **35,633,139** |
| **CURRENT LIABILITIES** | | | |
| a) Financial Liabilities | | | |
| Borrowings | - | 15,622,162 | 1,470,430 |
| Trade payables | 78,223,772 | 328,306,187 | 43,167,987 |
| Other financial liabilities | 160,533,093 | 203,709,058 | 34,869,420 |
| b) Other current liabilities | 170,405,961 | 265,466,122 | 174,416,379 |
| c) Current tax liabilities (net) | - | 29,361,630 | 15,502,691 |
| **Total Current Liabilities** | **409,162,826** | **842,465,160** | **269,426,907** |
| **TOTAL EQUITY AND LIABILITIES** | **3,287,744,907** | **3,454,079,925** | **2,309,654,983** |

## Unaudited Statement of Profit or Loss and Other Comprehensive Income for the Quarter Ended on 32nd Asadh 2079

| Particulars | Up to This Quarter (Rs.) | Up to Previous Quarter (Rs.) | Corresponding Previous Year Quarter (Audited) Rs. |
|---|---|---|---|
| Revenue from operations | 7,583,030,937 | 5,187,815,201 | 6,507,081,210 |
| Less: excise duties | 3,523,909,082 | 2,356,778,488 | 2,807,412,800 |
| Less: cost of goods sold | 1,342,139,957 | 918,523,368 | 1,335,253,891 |
| Less: manufacturing expenses | 213,866,701 | 153,209,209 | 139,469,358 |
| **Gross profit** | **2,503,115,197** | **1,759,304,137** | **2,224,945,161** |
| Other operating income | 5,294,346 | 4,434,523 | 72,955,118 |
| **Total income from operations** | **2,508,409,542** | **1,763,738,659** | **2,297,900,279** |
| Employee benefit expenses | 308,364,071 | 228,388,966 | 277,536,179 |
| Administration and other expenses | 96,471,160 | 58,191,415 | 101,742,075 |
| Selling and distribution expenses | 634,473,519 | 380,532,624 | 442,180,809 |
| **Operating profit** | **1,469,100,792** | **1,096,625,654** | **1,476,441,216** |
| Depreciation and amortisation | 51,625,961 | 38,076,045 | 51,090,332 |
| Finance costs | 975,779 | 395,948 | 17,225,869 |
| **Profit before tax** | **1,416,499,052** | **1,058,153,662** | **1,408,125,015** |
| Income tax expenses | 361,207,258 | 269,829,184 | 366,728,249 |
| **Profit for the year** | **1,055,291,794** | **788,324,478** | **1,041,396,766** |
| **Other comprehensive income** | | | |
| **Items that will not be reclassified to profit or loss:** | | | |
| (i) Remeasurements of Defined Benefit Obligations | - | - | - |
| (ii) Income tax credit/(charge) relating to these items | - | - | - |
| **Other comprehensive income** | - | - | - |
| **Total comprehensive income for the year** | **1,055,291,794** | **788,324,478** | **1,041,396,766** |
| **Earning per equity share (face value of Rs. 100 each)** | | | |
| Basic EPS* | 69.50 | 69.22 | 68.58 |
| Diluted EPS* | 69.50 | 69.22 | 68.58 |

## Other Financial Ratios

| | | | |
|---|---|---|---|
| PE Ratio | 49.07 | 51.88 | 80.37 |
| Net Worth Per Share | 187.22 | 169.64 | 231.02 |
| Liquidity Ratio | 6.60 | 3.41 | 6.32 |

**Notes:**

Account heads have been re-grouped/re-classified wherever necessary so as to comply with the Nepal Financial Reporting Standards (NFRS)

* Corresponding Previous Year's Basic & Diluted EPS has been restated to reflect the effect of issuance of Bonus Shares as per NFRS


**हिमालयन डिष्टिलरी लिमिटेड,**
विरगञ्ज महानगरपालिका वडा नं. – २१,
लिपनि विर्ता, पर्सा, नेपाल